# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# धनगढी उप-महानगरपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. ५२६

मिति: २०७७/०३/२८

विषय: लेखापरीक्षण प्रतिवेदन ।


श्री नगरप्रमुखज्यू,
धनगढी उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

..............
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं  ५२७

मिति: २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
धनगढी उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले धनगढी उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१५ करोड ४३ लाख ६७ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. २९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ०७ लाख ५३ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. १ करोड ७० लाख ५५ हजार तथा पेश्की बाँकी रु.८ करोड ३६ लाख ४६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २४ यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उपमहानगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्तालगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

२०८०।९।२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**धनगढी उपमहानगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७५।७६**

**परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| आ.व.२०७५।७६ को एकिकृत आय व्यय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | **रकम** |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | वित्तीय हस्तान्तरण (संघ) | | |
| | क) नगद | ४,४४६,४७७.२८ | ४,४४६,४७७.२८ | | वित्तीय समानीकरण अनुदान चालु खर्च | | १९,०५९,९६१।०० |
| | ख) बैंक | | १८३,५४५,८४३.६२ | | वित्तीय समानीकरण अनुदान पुजिगत खर्च | | २१९,३०४,९५७।०० |
| | अ) संचीत कोष | १५०,११५,२०२.१७ | | | राजस्व बाँडफाँड पुजिगत खर्च | | २४२,१७९,०६२.६६ |
| | आ) विभिन्न कोष | २०,६८४,४५५.०० | | | राजस्व बाँडफाँड चालु खर्च | | १४३,८२५,३०९.९५ |
| | इ) धरौटी | १२,७४६,१८६.४५ | | | सशर्त अनुदान पुजिगत खर्च | | ३५९,७२१,६२४.६० |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | | | सशर्त अनुदान चालु खर्च | | |
| | क) वित्तीय समानीकरण अनुदान | | २७०,७००,०००.०० | | विशेष अनुदान पुजिगत खर्च | | ३४,३८४,५०९.०० |
| | ख) सशर्त अनुदान | | ४०५,२१५,०००.०० | | संघिय समपुरक पुजिगत खर्च | | १९,४२६,३१८.०० |
| | ग) विशेष अनुदान | | ४२,४००,०००.०० | | राष्टिय स्वयमसेवक कार्यक्रम | | १७१,६००.०० |
| | घ) संघिय समपुरक | | ३३,०००,०००.०० | | पर्यटन पुर्वाधार विकाश | | ५००,०००.०० |
| | ख) राजस्व बाँडफाँड (सघ) | | १५०,५९८,४६८.१० | | युनिसेफ नेपाल | | १,२४४,५००.०० |
| | राष्टिय स्वयमसेवक कार्यक्रम | | १७१,६००.०० | | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ३२,८११,८५७.०० |
| | पर्यटन पुर्वाधार विकाश | | ७५०,०००.०० | | सामाजिक सुरक्षा (३६५०१५३) | | १६१,३८८,२५३.०० |
| | युनिसेफ नेपाल | | १,५४५,२५०.०० | | शहरी विकास आयोजना क्षेत्रिय | | ४८,८९८,१७१.२० |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ३६,७६०,०००.०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम ( ३७११०८३) | | ९,१८२,०८८।०० |
| | सामाजिक सुरक्षा (३६५०१५३) | | १६१,३८८,२५३.०० | | तराई मदेश सम्बृद्धि कार्यक्रम | | १३,८०७,५५६.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शहरी विकास आयोजना क्षेत्रिय | | ६६,७३५,५९७.७० | | सडक बोर्ड नेपाल | | ९,८०२,७६८.०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम (३७११०८३) | | ९,१८२,०८८.०० | | प्रदेश तथा स्थानियतह क्षमता विकास | | ३०,५००.०० |
| | तराई मधेश सम्बृद्धि कार्यक्रम | | १७,४५४,४४२.०० | | **प्रदेश सरकार खर्च** | | |
| | सडक बोर्ड नेपाल | | ९,८०२,७६८.०० | | वित्तीय समानीकरण अनुदान पुजिगत खर्च | | ९,०३५,८३९.०० |
| | प्रदेश तथा स्थानियतह क्षमता विकास | | ३०,५००.०० | | प्रदेश समपुरक | | |
| | अन्य आम्दानी | | ३४३,२३४.०० | | विशेष अनुदान पुजिगत खर्च | | ९६६,०००.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | राजस्व बाँडफाँड पुजिगत खर्च | | |
| | क) वित्तीय समानीकरण अनुदान | | १०,४२१,०००.०० | | सामाजिक विकास मन्त्रालय ( शिक्षा) | | २,३९०,०००.०० |
| | घ) प्रदेश समपुरक | | ३,७८८,०००.०० | | **राजस्व (आन्तरिक आय)** | | |
| | ग) विशेष अनुदान | | ४,२००,०००.०० | | चालु खर्च | | १०३,०२९,९८३.१२ |
| | ग) राजस्व बाँडफाँड | | १४,०७९,२८२.९२ | | पुजिगत खर्च | | ९०,५२२,२०९.७८ |
| | विभाज्य कोष | | | | आन्तरिक तर्फको खर्च | | २३,१४६,१०६.०८ |
| | मालपोत | | १३०,१०३,७९४.०० | | **धरौटी फिर्ता** | | १०,१९६,००७.४० |
| | सामाजिक विकास मन्त्रालय ( शिक्षा) | | २,४१०,०००.०० | | **कोष खर्च** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | कर्मचारी कल्याण कोष | | १८४२५९०९.०० |
| | क) आन्तरिक आम्दानी | | १४६,९३५,१८४.३७ | | वातावरण कोष | | ३३३,८५८.०० |
| ५ | **विभिन्न कोषतर्फको आय** | | | ४ | मर्मत सम्भार कोष | | ३,८०३,८५८.०० |
| | आन्तरिक आयवाट | | | ५ | प्रकोप व्यवस्थापन कोष | | २,७५१,८८६.०० |
| | कर्मचारी कल्याण कोष | | २७,२००,४९३.२३ | | संघ को.ले.नि. का फिर्ता खर्च | | ८५,०२५,८६७.९० |
| | वातावरण कोष | | | | प्रदेश लेखा नियन्त्रक कार्यलय फिर्ता खर्च | | ७,०२२,०००.०० |
| | मर्मत सम्भार कोष | | | | **मौज्दात** | | |
| | प्रकोप व्यवस्थापन कोष | | १६,६३९,५६८.६७ | | क) नगद मौज्दात | ९७८,४६५.०४ | ८९,५०८,६०४.२० |
| | राजस्व बाँडफाँड (सघ) | | | | ख) बैंक मौज्दात | | |
| ६ | **धरौटी आय** | | १२,०५०,३१९.०० | | अ) संचीत कोष | ३४,०२८,१६८.७५ | |
| | | | | ६ | चालु | ७०५,७७१.०० | |
| | | | | | पूँजीगत | १७,६९३,४५१.४६ | |
| | | | | | कर्मचारी कल्याण कोष | २,०७८,१४९.२३ | |
| | | | | | वातावरण कोष | १,४७१,१४२.०० | |
| | | | | | मर्मत सम्भार कोष | ८५९,३५९.०० | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | १६,१०६,४४८.६७ | |
| | | | | | वाल संरक्षण कोष | ८७,०००.०० | |
| | | | | | इ) धरौटी | १४,६००,४९८.०५ | |
| | | | | | विभाज्य कोष | ९००,१५१.०० | |
| | **जम्मा** | **१८७,९९२,३२०.९०** | **१,७६१,८९७,१६३.८९** | | **जम्मा** | **८९,५०८,६०४.२०** | **१,७६१,८९७,१६३.८९** |

| वेरुजु दफा | | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|---|
| १. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| २. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ३. | | **लेखाढाँचा :-** सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| ४. | | **भ्रमण अभिलेख** :- उप-महानगरपालिकाले कार्यालयको कामको लागि काजमा खटिने कर्मचारीको अभिलेख  प्रष्ट देखिने गरि दैनिक भ्रमण भत्ताको लागि भ्रमण आदेशको लेखाङकन गर्नुपर्दछ । कुन मितिमा कुन कर्मचारी कहाँ गएको थियो, दोहोरो नपर्ने गरि अभिलेख तयार गर्नुपर्नेमा कार्यालयले अभिलेख तयार गरेको छैन । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन् :** | |
| ५. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले | |

| | | | |
|---|---|---|---|
| | | आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६. | | **पेश्की व्यवस्थापन :-** कार्यालयले पेश्की हिसाव यथार्थपरक हुने गरी लेखा राख्नुपर्दछ । पेश्की रकम तोकीएको प्रयोजनमा खर्च गर्नपर्दछ र समयमा नै पेश्की फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षमा फछ्र्यौट नभइ बाँकी रहेको पेश्की आ.व.को सुरु मै जिम्मेवारी सारेको छैन । गत विगतको म्याद नाघेको तथा ननाघेको पेश्की छुट्याई राखेको छैन । पेश्की प्रयोजन सकिएको अवस्थामा असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ । पेश्कीको अभिलेख यथार्थपरक हुने गरी लेखा राख्नुपर्दछ । | |
| ७. | | **विपद व्यवस्थापन कोष :-** नगरपालिकाले यस कार्यक्रम अन्तर्गत रु.१,७४,१३,१३६।- बजेट विनियोजन गरी रु.१३,५२,२६९।- खर्च गरेको छ । काषको छुट्टै आय व्यय विवरण तयार गर्नुपर्दछ । विनियोजित बजेटलाई कोषको आम्दानीको रुपमा जनाई कोषको कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च गर्नुपर्नेमा कार्यविधि तथा कार्ययोजना तयार नगरी खर्च भएको छ । कोषको छुट्टै आय व्यय विवरण तयार गर्ने, कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च लेख्नु पर्दछ । | |
| ८. | | **अबकाश कोषको ब्यबस्था** :- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ मा स्थानिय तहले स्थानिय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धि कानुन वमोजिम अवकास हुँदा प्राप्त गर्ने योजनामा आधारित उपदान वा निवृतिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागी एक अवकाश कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था वमोजिम अवकाश कोष गठन गरेको छैन । कार्यालयले कल्याणकारी कोषमा यो वर्ष रु.१,५०,००,०००।- जम्मा गरेको छ । | |
| ९. | | **चौमासिक प्रगति विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । साथै लेखापरीक्षणको क्रममा माग भएका फारम नं. १ देखि २७ सम्मको फारमहरु समेत प्राप्त हुन आएको छैन । | |
| १०. | | **गुरुयोजना तथा वार्षिक योजना :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन । | |
| ११. | | **अनुगमन कार्य : -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (ख) मा उपाध्यक्ष वा उप-प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले कार्य सम्पन्न भैसके पश्चात नगरपालिकाको अनुगमन समितिवाट अनिवार्य कार्य भएको प्रमाणित/सिफारिश गरी भुक्तानीको लागी पेश गर्नुपर्नेमा नगरपालिकाले यो वर्ष कुनै पनि योजनाको अनुगमन समितिबाट अनुगमन परीक्षण गराई भुक्तानी गरेको छैन । ऐनले गरेको व्यवस्था वमोजिम अनिवार्य रुपमा योजनाको अनुगमन | |

| | | | |
|---|---|---|---|
| | | गर्नुपर्दछ । | |
| १२. | | **योजना हस्तान्तरण :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन । | |
| १३. | | **कार्यक्रम खाता :-** कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा तयार गरी प्रमाणित गराई राख्नुपर्दछ । नगरपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन तथा वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ । | |
| १४. | | **प्रगति विवरण :-** नगरपालिकाले नगर सभावाट स्वीकृत भएका योजनाहरुमा तोकिए वमोजिम कार्य प्रगति हुन सकेको छैन । प्राप्त विवरणमा तोकिए वमोजिमको कार्य हुन नसक्नुमा ढिलो सम्झौता भएको जनाएको छ । विकास निर्माण जस्तो कार्य तोकिएको समयमा सम्पन्न गर्नका लागि समयमै सम्झौता गरि कार्यान्वयन गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| १५. | | **स्थानिय संचितकोषमा रकम दाखिला नगरेको** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको चालु र पुँजिगत खातामा मौज्दात रहेको रकम आर्थिक बर्षको अन्तमा उप-महानगरपालिकाको संचित कोषमा जम्मा हुने उल्लेख छ । उप-महानगरपालिकाको चालु कोष खातामा रु. ७०५७७१.०० र पूँजिगत खातामा रु. १७६९३४५१.४६ गरी जम्मा रु.१८३९९२२२.४६ संचित कोषमा जम्मा गरेको देखिएन । उक्त रकम संचित कोषमा जम्मा गर्नुपर्दछ । | |
| | | **<u>नगरपालिका (चालु)</u>** | |
| १६. | | **स्थानीय तहका पदाधिकारी सुबिधा** :- सूदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ मा स्थानीय तहको आन्तरिक श्रोतको आधारमा मासिक प्रारिश्रमिक पाउने व्यवस्था छ उक्त ऐनमा भएको व्यबस्था अनुसार धनगढी उप-महानगरपालिकाले मेयर उपमेयर समेत गरी जम्मा ९८ जनालाई १२ महिनाको कुल पारिश्रमिकमा रु.९६,८४,०००।- खर्च गरेको छ । | |
| १७. | | **पदाधिकारी बैठक भत्ता :-** सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा १२ महिनाको पारिश्रमिक पाउने व्यवस्था छ । अन्य भत्ता पाउने ब्यबस्था छैन । कार्यालयले बैठक भत्ता स्वरुप रु.४२,४८,०००।- भुक्तानी गरेकोले ऐनमा व्यवस्था नभएको रकम भुक्तानी गरेको छ ।<br>कार्यालयले सबै वडा कार्यालयहरुको बैठक भत्ता मा आर्थिक वर्षको अन्तमा १७०८/०७६।३।३० मा रु. २४,३८,०००।- एकै चोटी खर्च लेखेको छ । पदाधिकारीको सेवा सुविधामा उल्लेख नभएको र आ.व.को अन्तमा एकैचोटी भुक्तानी गरेको नियमसम्मत देखिदैन । | ४२४८०००.०० |
| १८. | | **पदाधिकारीको पारिश्रमिक कर :-** आएकर ऐन, २०५८ को दफा ८७ र आर्थिक ऐन २०७५ को दफा ५० को उपदफा ४ अनुसार पारिश्रमिक आयमा जुन वर्षमा आय प्राप्त हुन्छ सोही वर्षको ऐन अनुसार | |

<table>
<tr>
<td></td>
<td></td>
<td>तोकिएको दरमा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । उप-महानगरपालिका नगर प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरुलाई आ.व. २०७४।७५ को पारिश्रमिक भुक्तानि आ.व. २०७५।७६ मा भएको र २०७५। ७६ को पारिश्रमिक सोही आर्थिक वर्षमा भएकोले आर्थिक ऐन २०७५ अनुसार बार्षिक छुट कटाई बाँकी रहेको रकममा पहिलो एक लाखमा १० प्रतिशतका दरले, दोश्रो २ लाखमा २० प्रतिशतका दरले र बाँकी रहेको रकममा ३० प्रतिशतका दरले हुने पारिश्रमिक कर रु.६९४२०६.००/- असुल गरी दाखिला गर्नुपर्दछ ।</td>
<td>६९४२०६.००</td>
</tr>
<tr>
<td>१९.</td>
<td></td>
<td>कर्मचारीको वैठक भत्ता :- कार्यालयले यो वर्ष कर्मचारी वैठक भत्ता स्वरुप रु.९,०५,७५०।- खर्च लेखेको छ । कार्यलयले नियमित कार्यहरु सम्पादन गरेको समयमा कार्यालयका कर्मचारीहरु मात्र बसेर गरीने कार्यमा वैठक भत्ता खर्च लेखेको छ । कार्यालयले नियमित कार्यको लागि सबै कर्मचारीरुलाई सुरु तलबको १५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराएको, प्राविधिक कर्मचारीहरुलाई थप ३० प्रतिशत फिल्ड भत्ता उपलब्ध गराएको अवस्थामा पुनः कार्यालयका कर्मचारी मात्र संलग्न रहेको वैठकको वैठक भत्ता वापत रु.९०५७५०.०० खर्च लेख्नु नियम सम्मत देखिँदैन ।</td>
<td>९०५७५०.००</td>
</tr>
<tr>
<td>२०.</td>
<td></td>
<td>राजस्वको आर्थिक बिरण नबनाएको :- कार्यालयले गत आर्थिक बर्षमा संघिय कोषमा जम्मा गरेको रकमहरुको विरण तयार गरी राजस्वको आर्थिक बिबरण बनाउनु पर्दछ । कार्यालयले गत बर्ष संघिय संचित कोष दाखिला गरेको सामाजिक सुरक्षा तर्फको बाँकी रकम रु.७३,००,५००।- को राजस्व दाखिला गरेकोमा राजस्वको आर्थिक विबरण तयार गरी पेश गरेको छैन । आर्थिक विबरण तयार पारी पेश गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२१.</td>
<td></td>
<td>आर्थिक वर्षको अन्तमा पेश्की :- कार्यालयले जुन कार्यक्रमको लागि विनियोजन गरिएको रकम हो सो कार्यक्रम समयमा नै सम्पन्न हुने गरी सम्बन्धीत कर्मचारीलाई पेश्की रकम उपलब्ध गराई कार्य सम्पन्न भए पश्चात पेश्की फछ्र्यौट गर्नुपर्दछ । कार्य सम्पादन गर्ने अवस्था नभएको समयमा केवल वजेट फ्रिज नगराउने उद्देश्यले मात्र पेश्की दिनु हुँदैन । कार्यालयले आर्थिक वर्षको अन्तमा कार्यक्रम हुन सक्ने अवस्था नरहेको अवस्थामा समेत देहाय बमोजिम पेश्की उपलब्ध गराएको छ । स्वीकृत कार्यक्रमको परिधिभित्र रही समयमानै पेश्की फछ्र्यौट हुने गरि पेश्की दिने र फछ्र्यौट गर्ने गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>पेश्की रु.</th></tr>
<tr><td>१४२४/०७६/०३/१६</td><td>सहकारी तथा गरिबी निवारण सूचना व्यवस्थापन तालिम</td><td>१५२५००.००</td></tr>
<tr><td>१४३२/०७६/०३/१६</td><td>सरोकारवालाहरुको क्षमता विकास तालिम</td><td>२१९०२५.००</td></tr>
<tr><td>१५४८/०७६/०३/२३</td><td>वैठक भत्ता</td><td>२४७५००.००</td></tr>
<tr><td>१५१३/०७६/०३/२१</td><td>अपाङ्गता परिचय पत्र गर्ने कार्यको लागि वैठक भत्ता</td><td>१३८०००.००</td></tr>
<tr><td>१५२५/०७६/०३/२२</td><td>स्वास्थ्य संस्थाहरुको लागि फोहोर व्यवस्थापन तालिम</td><td>३०००००.००</td></tr>
<tr><td>१६२२/०७६/०३/२६</td><td>टोल विकास संस्थाका पदाधिकारीको तालिम</td><td>१८९९००.००</td></tr>
</table></td>
<td></td>
</tr>
<tr>
<td>२२.</td>
<td></td>
<td>पेश्की बाँकी :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले देहायअनुसारका कर्मचारी तथा ठेकेदारहरुलाई दिएको पेश्की फछ्र्यौट हुन वाँकी देखाएकोले फर्छयौट गर्नुपर्दछ ।<br>चालु तर्फः
<table>
<tr><th>सि.नं.</th><th>प्रकार</th><th>नाम</th><th>पेश्की बाँकी रकम</th></tr>
<tr><td>१.</td><td>व्यक्तिगत</td><td>श्यामलाल राना</td><td>३००००.००</td></tr>
<tr><td>२.</td><td>ठेकेदार</td><td>पि.एस. कन्स्ट्रक्सन कम्पनी प्रा.ली</td><td>१००६७०००.००</td></tr>
<tr><td>३.</td><td>ठेकेदार</td><td>भैरवनाथ निर्माण सेवा</td><td>८७५०००.००</td></tr>
</table></td>
<td>८३६४५९००.००</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| ४. | ठेकेदार | भैरवनाथ निर्माण सेवा | १३१२०००.०० |
| ५. | संस्थागत | फुलवारी स्वास्थ्य चौकी | १३७०००.०० |
| | | जम्मा | १२४२१०००.०० |
| नगरपालिका पूँजीगत तर्फ | | | |
| सि.नं. | प्रापक प्रकार | पेश्की पाउने व्यक्ति | पेश्की रकम |
| १. | ठेकेदार | साजेन्द्रेश्वर/मोहन जे.भी. | १८०००००.०० |
| २. | ठेकेदार | अन्जु निर्माण सेवा | १३९३०००.०० |
| ३. | ठेकेदार | ऋतिरिवाज कन्स्ट्रक्सन | ४४००००.०० |
| ४. | ठेकेदार | ए.ए. कन्स्ट्रक्सन | १९०००००.०० |
| ५. | ठेकेदार | एन.पी.एस. निर्माण सेवा | ९८९०००.०० |
| ६. | ठेकेदार | एम.के.टेडी जे.भी. | ३४०००००.०० |
| ७. | ठेकेदार | कुँवर कन्स्ट्रक्सन | ४६६०००.०० |
| ८. | ठेकेदार | खप्तड कन्स्ट्रक्सन | ५८५०००.०० |
| ९. | ठेकेदार | जय श्री बाबा कन्स्ट्रक्सन | ८६१०००.०० |
| १०. | ठेकेदार | जय श्री वाराही अजिमा निर्माण सेवा | २३७०००.०० |
| ११. | ठेकेदार | टेडी निर्माण सेवा प्रा.ली. | ६१७०००.०० |
| १२. | ठेकेदार | टि.डि. आर कन्स्ट्रक्सन प्रा.ली. | ७९८९०००.०० |
| १३. | ठेकेदार | न्यू साहारा कन्स्ट्रक्सन | ६४८०००.०० |
| १४. | ठेकेदार | नयाँ कन्स्ट्रक्सन | ३४८०००.०० |
| १५. | ठेकेदार | निरज एम.डी. जे.भी. | ७९३०००.०० |
| १६. | ठेकेदार | निरज एम.डी. ग्रुप जे.भी. | ७९३०००.०० |
| १७. | ठेकेदार | प्रशंसा कन्स्ट्रक्सन | ३७९३०००.०० |
| १८. | ठेकेदार | पवन कन्स्ट्रक्सन | १५४५०००.०० |
| १९. | ठेकेदार | पवन/काफली जे.भी. | ९४००००.०० |
| २०. | ठेकेदार | पारश कन्स्ट्रक्सन | ९४४०००.०० |
| २१. | ठेकेदार | पि.के. कन्स्ट्रक्सन | ९४४०००.०० |
| २२. | ठेकेदार | पि.ए. कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | ६९९६०००.०० |
| २३. | ठेकेदार | वडातेडी डुडे कन्स्ट्रक्सन प्रा.ली. | १६०७०००.०० |
| २४. | ठेकेदार | बैद्यनाथ कन्स्ट्रक्सन | ८२७०००.०० |
| २५. | ठेकेदार | वि.वि.एस. कन्स्ट्रक्सन कम्पनी | ७२००००.०० |
| २६. | ठेकेदार | महन्याल निर्माण सेवा | ८३००००.०० |
| २७. | ठेकेदार | महाकाली गौरव विल्डर्स प्रा.ली. | ४७९५०००.०० |
| २८. | ठेकेदार | माया ममता कन्स्ट्रक्सन | ५८००००.०० |

| | | | |
|---|---|---|---|
| २९. | ठेकेदार | रोयल प्रशंसा जे.भी. | ७९०००००.०० |
| ३०. | ठेकेदार | स्वार/अन्जु जे.भी. | ४३८४०००.०० |
| | | जम्मा | ६००६४०००.०० |

क्षेत्री सहरी विकास आयोजना

| सि.नं. | मिति | निमार्ण ब्यबसायि को नाम | पेश्की रकम |
|---|---|---|---|
| १. | २०७६/३/१० | भैरबनाथ निमार्ण सेवा | ५२४०००.०० |
| २. | २०७६/३/२३ | रोयल पवन जे.भि  निमार्ण सेवा | ४१५६०००.०० |
| ३. | २०७६/३/११ | भैरबनाथ निमार्ण सेवा | ५२४०००.०० |
| | | जम्मा | ५२०४०००.०० |

स्थानीय पूर्वाधार विकास तथा साझेदारी कार्यक्रम

| सि.नं. | मिति | पेश्की लिने व्यक्तिको नाम | पेश्की रकम रु. |
|---|---|---|---|
| १. | २०७६/३/३० | पि.एस. कन्स्ट्रक्सन कम्पनि प्रा.ली. | ४९८४९००.०० |

| | | | |
|---|---|---|---|
| २३. | | **विशेष कोष :-** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९१ मा अबकास कोष र दफा ७० मा आकस्मीक कोष बाहेक अन्य कोषको परीकल्पना गरेको छैन । नगरपालिकाले यो वर्ष विभिन्न प्रकारका ४ वटा कोष संचालनमा ल्याएको छ। आर्थिक वर्षको अन्तसम्म ती कोषमा रु.३,९०,४५,५६८। मौज्दात रहेको छ। नगरपालिकालाई भविष्यमा सिर्जना हुने दायित्वहरुलाई वहन गर्नेगरी आवश्यक पर्ने कोषहरु मात्र नगरसभाको स्वीकृतिमा मात्र खोल्नुपर्दछ। नगरपालिकाको दायित्व भित्र नपर्ने र दीर्घकालिन महत्व नभएका वाताबरण र मर्मत सम्भार कोषहरु वन्द गर्नुपर्ने देखिन्छ। | |
| २४. | | **मर्मत सम्भार कोष :-** नगरपालिकाले यो वर्ष यस मर्मत सम्भार कोषमा  रकम  विनियोजन गरेको छैन । गत बर्ष मौज्दात रु.४६,६३,२१७।- बाट रु.३८,३१,१४९।- खर्च रु.७,३२,०६८।- मौज्दात देखाएको छ । सडक मर्मत तथा सम्भार लगायतका पूजीगत प्रकृतिका मर्मत कार्यहरु पूजीगत कार्यक्रम वाट नै खर्च गर्न सकिने अवस्थामा मर्मत सम्भार कोषबाट खर्च गर्नुको औचित्य देखिदैन । नगरपालिका पूजीगत शिर्षकवाट नगरसभाको स्वीकृतिमा खर्च गर्नुपर्नेमा मर्मतसम्भार कोषको मौज्दातबाट गरेको खर्च रु.३८३११४९.०० नियमित खर्च मान्न सकिदैन । | ३८३११४९.०० |
| २५. | १५।०७<br>५।५।१५ | **भुक्तानी वाँकी विववरण नभएको :-** गत आर्थिक वर्षको भुक्तानी दिनु पर्ने भएका के कति रकम हो सो प्रमाणित गरि राख्नु पर्ने व्यवस्था रहेको छ। सकेसम्म गत वर्षको दायित्व यस वर्ष भुक्तानि दिनु हुँदैन । तर भुक्तानि नै दिनु पर्ने भएमा कार्यालयले गत आ.व. को भुक्तानि दिनु पर्ने रकम रु.१,३०,६५,५७१ निर्वाचित पदाधिकारीहरुको प्रमाणित वेगर खर्च लेखेकोले उक्त खर्च रकम नियमित देखिँदैन । | १३०६५५७१.०० |
| २६. | | **कर्मचारी प्रोत्साहन खर्च :-** नगर सभाको तेश्रो वैठकले स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरेअनुसार यस वर्ष रु.९३,९४,६९४।- खर्च लेखेको छ। यसरी प्रोत्साहन उपलब्ध गराउदा कुनै आतिरिक्त मापदण्ड निर्माण गरेको पाइएन । प्रोत्साहन भत्ता खर्च लेख्दा कार्यसम्पादन सूचक खडा गरी कार्यसम्पादनको आधारमा मात्र प्रोत्साहन खर्च लेख्नुपर्दछ । | |
| २७. | २१८ | **अवलोकन भ्रमण :-** लेखापाल मेम्वर सिंहको रु ९,००,०००।- पेश्की फछ्र्योट गर्दा सूदुरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७४ दफा २९  काज | |

| | | | |
|---|---|---|---|
| | ...... | खटाउँदा तोकिए बमोजिमको दैनिक भत्ता तथा भ्रमण भत्ता प्रदान गरिने छ भन्ने व्यवस्था रहेको छ । उप महानगर पालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुलाई मिति २०७५।५।१४ देखि २०७५।५।२२ इलाम सम्मको भ्रमण अवलोकन गर्दा गाडी भडा, खाना वस्न को लागि सबै खर्च कार्यालयले व्यहोर्ने गरि खर्च व्यवस्थापन भै सकेपछि पुनः विभिन्न ८ समितिका श्री छत्र वहादुर वडेला सहित ३१ जनालाई रु.२,९००।- दरले रु.८९,९००।- भ्रमण अवलोकन भत्ता बुझाएको देखिएकोले सोको खर्च लेख्ने आधार पेश गर्नुपर्दछ । | ८९९००.०० |
| २८. | २०७५। ११।२२ | **लेखा राख्नुपर्ने :-** सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधि नियमति तथा व्यवस्थित गर्न बनेको विधेयक २०७४ को दफा ३४ मा कारोबारको लेखा बील भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यालयको Estimate, design and feasibility study of proposed of side building गर्नका लागि जिरो डाई नेपाल प्रा.लि. सँग सम्झौता भई निजाई रु ३९२०००।- भुक्तानी दिएकोमा निजले पेश गरेको बील सक्कल पेश नगरी फोटोकपी गरेको वील पेश गरेकोले निजलाई दिएको मु.अ.कर रु.४५,०९७- दाखिला गरेको कर समायोजन पत्र पेश गर्नुपदेछ । | ४५०९७.०० |
| २९. | ८२६।०७ ६।१२।२६ | **थप तलव खर्च :-** आ.व. को नगर सभामा खटिएका नगरपालिकाका सबै कर्मचारीहरुलाई १५ दिनको शुरु तलब स्केलको आधारमा सो काममा खटिए वापत रु.१६,५८,३५२।- खर्च लेखेको देखियो । नगरसभाको तेश्रो बैठकले नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई शुरु स्केलको १५ प्रतिशतका दरले प्रोत्साहन उपलब्ध गराइसकेपछि पुनः नगर सभामा खटिएको भनि १५ दिन को तलब खर्च लेखेलेकोले उक्त दोहोरो सुविधा बापतको रकम रु. १६,५८,३५२।- असुल गरी दाखिला गर्नुपर्दछ । | १६५८३५२.०० |
| ३०. | १०३५। ०७६।२। २ | **कर्मचारी दरबन्दी** :- कार्यालयमा तोकिए बमोजिमका कर्मचारीहरु रहने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यालयमा दरबन्दी नभएको अवस्थामा पनि उपमहानगरपालिकाले स.म.वि. निरिक्षक श्री सरस्वती कुँवरलाई रु.३३६२३३.२८ स.म.वि. निरिक्षक श्री अनिता कुमारी तिमिल्सनालाई रु.३२४२८४.४० र स.म.वि. निरिक्षक श्री कुमारी हरि प्रिया चौधरीलाई रु.२९२२४२.०० गरी जम्मा रु. ९५२७५९.६८ तलब भत्ता वितरण गरेकोले उक्त रकम नियमित देखिएन । | ९५२७५९.६८ |
| ३१. | ११९१।२० ७६।२।२३ | **फिल्ड भत्ता** :- नगर सभाको तेश्रो वैठकले नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई शुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए बमोजिम नगरपालिका र सो अन्तर्गत वडा कार्यालयहरुमा समेत प्रोत्साहन भत्ता उपलब्ध गराइएको, नगर सभाको काममा अतिरिक्त समयमा काम गरेको भनि आधा महिनाको सबै कर्मचारीहरुलाई उपलब्ध गराई सकेपछि पुन उप महानगर पालिकाले प्राविधिक शाखामा कार्यरत डि.इ. श्री दिजराज भट्ट लगाएत ९ जना कर्मचारीहरुलाई शुरु तलब स्केलको ३० प्रतिशत फिल्ड भत्ता उपलब्ध गराएको देखिएकोले यसरी एउटै व्यक्तिलाई दोहोरो भत्ता खुवाउने गरी नगरसभाले निर्णय गरेको छ । फिल्ड भत्ता दिएको अवस्थामा प्रोत्साहन भत्ता गरी थप १५ प्रतिशत भत्ता खर्च लेखेको अवस्थामा दोहोरो भत्ता रु.७,५७,३१८।- खर्च लेखेको नियमसम्मत देखिदैन । | |
| | | **नगरपालिका (पूजिगत):-** | |

| | | | |
|---|---|---|---|
| ३२. | | **बोलपत्रको सूचना :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा सार्वजनिक निकायले सार्वजनिक निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा खुलाउनु पर्ने विषय उल्लेख गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ मा सार्वजनिक निकायका प्रमुखले बोलपत्र सम्बन्धि कागजात स्वीकृत गर्नुपर्ने, नियम ४९ मा दुई करोड सम्म लागत अनुमान भएको निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा लागत अनुमान रकम खुलाउनुपर्ने, नियम ४९ (क) मा ऐनको दफा १४ मा उल्लेखित कुराका अतिरिक्त बोलपत्र आह्वानको सूचनामा खुलाउनुपर्ने विषयको व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष आह्वान गरेको अधिकांश वोलपत्रको सूचनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीले उल्लेख गर्नुपर्ने विषयहरु समावेश नगरी एकदम संक्षिप्त सूचना निकालेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम बढी भन्दा बढी प्रतिस्पर्धा गराउने मनसायले सूचना प्रकाशन गर्नुपर्नेमा कार्यालयले प्रतिस्पर्धा साघुऱ्याउने मनसायले सूचना प्रकाशन गरेको छ । बढी भन्दा बढी प्रतिस्पर्धाको अवस्थाबाट कम खर्चमा मितव्ययी रुपमा बढी कार्य सम्पादन हुने किसिमबाट कार्यालयले कार्यसम्पादन गर्नुपर्दछ ।<br><br>धनगढी उप-महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>धनगढी, कैलाली<br>सुदूरपश्चिम प्रदेश, नेपाल<br>**बोलपत्र सम्बन्धी सूचना**<br>प्रकाशित मिति : २०७५/१२/२९ गते<br>यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०७५/०७६ अन्तर्गत ठेक्का न. 59/DSMC/2075/076, 60/DSMC/2075/076, 61/DSMC/2075/076, 62/DSMC/2075/076, 63/DSMC/2075/076, 64/DSMC/2075/076, 65/DSMC/2075/076, 66/DSMC/2075/076, 67/DSMC/2075/076 कार्यका लागि प्रथम पटक प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.dhangadhimun.gov.np र http://www.bolpatra.gov.np/egp र ठेक्का न. 68/DSMC/2075/076 कार्यका लागि प्रथम पटक प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.dhangadhimun.gov.np मा राखिएको व्यहोरा अनुरोध छ ।<br>प्रमुख प्रशासकीय अधिकृत | |
| ३३. | ३७/०७५/६/२६ | **वितरणमूखी कार्यक्रम :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्र कार्यक्रम तथा योजना संचालन गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने जस्ता कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । वितरणमूखी तथा अनुत्पादक योजना/कार्यक्रम संचालन गर्नु हुँदैन भन्ने व्यहोरा उल्लेख गरेकोमा कार्यालयले कृषि कार्यक्रम अन्तर्गत फलफूल क्षेत्र विस्तार कार्यक्रममा रु.१२,००,०००।- बराबरको फलफूलका विरुवा खरिद गरी वितरण गरेको छ । सबै वडा कार्यालयका वडा अध्यक्षहरुलाई १००० को संख्यामा वितरण गरी रकम खर्च गरीएको छ । कार्यक्रमको उद्देश्य बमोजिम उत्पादनमूलक दिर्घकालीन कार्यक्रम संचालन गर्नुपर्नेमा विशुद्ध वितरणमुखी कार्यक्रम संचालन गरी रु.१२०००००.०० खर्च गरेको कार्यलाई नियमित कार्य मान्न सकिएन । | १२०००००.०० |
| ३४. | | **उपभोक्ता समिति मार्फत कार्य :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता | |

| | | | |
|---|---|---|---|
| | | समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधिको वारेमा व्यवस्था भएको छ । एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने, निर्माण कार्य वा सेवाको प्रकृति,परिमाण,लागत अनुमान,उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा उल्लेख गर्नुपर्ने, ६० (साठी लाख) रुपौया भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योग्दान खुलाउनुपर्ने प्रावधान नियमावलीले गरेको छ । नगरपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत गरेको कार्यमा समुदायले व्यहोर्नुपर्ने रकम उल्लेख गरेपनी के काम उपभोक्ताले गर्ने हो सो कार्य लागत अनुमान, उपभोक्ताको विल, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन कतै पनि उल्लेख गरेको छैन । उपभोक्ताले गरेको योग्दान कही कतै उल्लेख नगरेको कारण नगरपालिकाले व्यहोर्ने अंशवाट मात्र कार्य भएको छ भन्न सकिने अवस्था छ । कामको प्रकृति जस्तो छ त्यस्तै प्रकृतिको उपभोक्ता समिति गठन भै कार्य भएको छ । उपभोक्ता समिति अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था छैन । सम्पन्न भएका योजनाहरु सम्वन्धित उपभोक्ता समितिलाई संचालन, मर्मत सम्भार र स्वामित्व हस्तान्तरणको कार्य पनि भएको नदेखिएकोले उपभोक्ता समितिमार्फत सञ्चालित कार्यक्रमहरु पनि हस्तान्तरणका कार्य गर्नुपर्दछ । | |
| ३५. | १४१।०७ ५।१०।० ३ | **कर समायोजन पत्र :-** कार्यालयले RLC भवन निर्माणको कार्य अंकित निर्माण सेवा अंकुश ट्रेड एण्ड सप्लायर्सबाट गराई अन्तिम विल स्वरुप रु.२३,८५,०३०।- भुक्तानी गरेको छ । सो अन्तिम विलबाट मूल्य अभिवृद्धि कर रु.२,७४,३८४।- भुक्तानी भएकोमा कर विजक नं. स्पष्ट उल्लेख नगरेको कारण सो कार्यको मु.अ.कर. आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको कर समायोजन पत्र पेश गर्नु पर्दछ । | २७४३८४.०० |
| ३६. | | कार्यालयले विभिन्न बाटोको लागत अनुमान तयार गरी के.एस. टेडी जे.भी. सँग रु.१,६७,६६,१०९।- (मु.अ.कर सहित) मा ठेक्का बन्दोवस्त गरी भएको कार्यमा निम्न व्यहोरा देखिएको छ । | |
| ३६.१ | १६४/०७ ५/१०/१७ | **बढी भुक्तानी :-** डी गाउँ देखि हनुमान मन्दिर हुँदै सेन्टर पलट जोड्ने सडकको कार्यमा प्रथम रनिङ्ग विलमा Sub base कार्यमा लागत अनुमान ५५८ घ.मि. भन्दा बढी ६९० घ.मि. कार्य गरेको देखाएको छ । Base course मा ल.इ. ९६ घ.मि. रहेकोमा निर्माण सेवाले २३६.२५ घ.मि. गरको उल्लख छ । Sub base तथा Sub base मा क्रमशः १३२ घ.मि. र ४०.२५ घ.मि. बढी कार्य देखाएकोमा के कारणले वृद्धि भएको प्राविधिक पुस्ट्याई पेश भएको छैन । बढी पमिाण Sub base तर्फ १३२ घ.मि. को प्रति घ.मि. रु.१,०००।- को दरले हुने रु.१,३२,०००।- मा ठेकेदारले दिएको छुट ३० प्रतिशत कट्टागरी हुने बाँकी रु.९२,४००।- र Base course तर्फ ४०.२५ घ.मि. को रु.२,०००।- को दरले रु.८०,५००।- सोमा ३० प्रतिशत छुट गरी बाँकी हुने रु.५६,३५०।- समेत गरी जम्मा रु.१,४८,७५०।- असुल गर्नूपर्दछ । | १४८७५०.०० |
| ३६.२ | | चोक देखि दलित वस्ती जोड्ने सडकमा समेत Sub base को ल.ई. भन्दा ५२.८ घ.मि. बढी कार्य गरेको देखाई रु.५२,८००।- मा ३० प्रतिश छुट गरी हुने रु.३६,९६०।- असूल गर्नूपर्दछ । | ३६९६०.०० |
| ३६.३ | | उक्त निमार्ण कार्यको शुरु ठेक्का अवधि मिति २०७५।०३।३० सम्म रहकोमा सो भन्दा पछि तेश्रो रनिङ्ग विलसम्म रु.१,१६,७१,९०१।- भुक्तानी भएकोमा म्याद थप भएको नदेखिएकोले अवधि समाप्त भएको कार्यको म्याद थप गर्नपर्दछ ।<br><br>सो निर्माण कार्यको निर्माण व्यवसायीको पेश्की बाँकी रु.३४,००,०००।- रहेकोमा पेश्की कट्टा नगरी भुक्तान गरेको छ । | ११६७१९०१.०० |

| | | | |
|---|---|---|---|
| ३७. | | **सार्वजनिक निर्माण कार्यमा मितव्ययिता :-** सार्वजनिक खरिद नियमावली, २६४ को नियम ९७(१४) मा सार्वजनिक निकायले सार्वजनिक निर्माण वा सेवामा मितव्ययिता र दिगोपना अभिवृद्धि गर्ने तरिका वा कार्यविधि बाट कार्य गराउन सक्ने व्यवस्था गरेको छ । कार्यालयले एकै प्रकृतिको कार्य कुनै उपभोक्ता समितिबाट त कुनै निर्माण व्यवसायीबाट कार्य गराएको छ । कार्यालयले बनाएको एकै प्रकृतिको कार्यको लागत अनुमानमा निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धा अर्थात सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धा गरी कार्य गराउँदा ३५ देखि ५० प्रतिशत सम्म घटीमा कार्य भएको छ भने उपभोक्ता समितिबाट कार्य गराउँदा लागत अनुमान अनुसार नै सोही कार्य भएको देखिन्छ । कार्यालयले कम लागतमा गुणस्तरिय किसिमले बढी उपलब्धि हुने गरी कार्य सम्पादन गराउन एक मापदण्ड अर्थात कार्यविधि तय गरी कार्य गराउनुपर्ने देखिन्छ । | |
| ३८. | १७१०७५।६।१४, ५९५।०७६।३।२३, ५९।०७६।३।३१ | **ह्युमपाइप खरिद :-** कार्यालयले सार्वजनिक निर्माण कार्यक्रम अन्तर्गत विभिन्न साइजको ह्युमपाइप खरिद कार्यको लागि रु.२,०९,६७,२०४।- खर्च गरेकोमा देखिएको व्यहोरा दहायबमोजिम छन् : | |
| ३८.१ | | **आवश्यकताको पहिचान नगरेको :-** उप-महानगरपालिकाको क्षेत्रभित्र सार्वजनिक निर्माण कार्य कतिपय कार्य निर्माण व्यवसायी मार्फत गरिएको छ भने अधिकांश कार्य उपभोक्ता समिति मार्फत भएको छ । आफ्नो कार्यक्षेत्र भित्र निर्माण व्यवसायी तथा उपभोक्ता समितिले कार्यालयको लागत अनुमान भित्र रही कार्य भै रहेको अवस्थामा आवश्यकताको पहिचान नगरी रु.२,०९,६७,२०४।- बराबरको विभिन्न साइजको ह्यूम पाइप कैलाली कंक्रिट उद्योग र माल्लिकार्जुन ह्यूम पाइप एण्ड कंक्रिट उद्योगसँग खरिद गरी भुक्तानी गरेको छ । सो खरिद गरिएको सबै ह्यूमपाइप विभिन्न वडा कार्यालयहरुमा भर्पाई मार्फत वुझाएको छ । उक्त वडामा वुझाएको ह्यूमपाइप कहाँ कहाँ प्रयोग भयो सोको नापी किताब तयार गरी पारदर्शी रुपमा श्रेस्ता खडा गरेको छैन । खरिद गरिएको ह्यूम पाइपको प्रयोग भएको ठाउँ र परिमाणको नापी किताब तयार गरी प्रमाणित गरी राख्नु पर्दछ । | |
| ३८.२ | | **कर समायोजन :-** कार्यालयले विभिन्न साइजको ह्यूम पाइप खरिद कार्यको लागि वोलपत्रको माध्यमबाट (संक्षिप्त सूचना) खरिद प्रक्रिया गरी माल्लिकार्जुन ह्यूम पाइप एण्ड कंक्रिट उद्योगसँग रु.१,४०,२६,२४४।- मा ठेक्का व्यवस्थापन गरी खरिद गरेको छ । ठेक्काबाट खरिद गरको अवस्थामा एकमुष्ठ कर विजक जारी नगरी दैनिक रुपमा कर विजक जारी गरको छ । प्रथम पटकमा १९ थान र दोश्रो पटकमा १६ थान कर विजक को आधारमा खरिद गरेकोले सो खरिद कार्यमा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम रु.१६१३६३९.०० आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको कर समायोजन पत्र पेश गर्नपर्दछ । | १६१३६३९.०० |
| ३८.३ | | **बढी भुक्तानी :-** कार्यालयले उपर्यक्त बमोजिमको ह्यूम पाइप खरिदको लागि रु.१,४०,३१,२२१.३०।-( मु.अ.कर समेत) को लागत अनुमान तयार गरी माल्लिकार्जुन ह्यूम पाइम एण्ड कंक्रिट उद्योग सँग रु.१,४०,२६,२४४।- (म.अ.कर समेत) मा ठेक्का सम्झौता गरेको छ । लागत अनुमान बमोजिमको ह्यूम पाइप खरिद गर्दा सम्झौता बमोजिम रु.१,४०,२६,२४४।- मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयले भौ.नं.५९५/०७६/०२/२३ बाट रु.६९८६८८५.०० र भौ.नं.९५९/०७६/०३/३१ बाट रु.८९२०१६९.०० गरी जम्मा रु.१,५९,०७,०६४।- भुक्तानी गरकोले रु.१८,८०,८२०।- बढी भुक्तानि भएको देखिन्छ । उत्त रकमलाई नियमति गर्नुपर्दछ ।<br>• उप-महानगरपालिकाले भेरिएसन वाट थप परिमाण खरिद गरेको जवाफ दिएकोमा के कारणले भेरिएसन गर्नुपरेको हो खुलाएको छैन । साथै याजनाको रकम कट्टा गरी रु.२०,००,०००।- को ह्युमपाइप खरिदमा खर्च गरेको छ । | १८८०८२०.०० |

<table>
<tr><td>३८.४</td><td></td><td>उप-महानगरपालिकालाई वढी व्यय भार पारेको :- उपमहानगरपालिका भित्र यस आर्थिक वर्षमा सार्वजनिक निर्माण कार्यमा निर्माण व्यवसायी मार्फत कार्य गराउँदा लागत अनुमानको तुलनामा ४९.८५ प्रतिशत सम्म घटीमा कार्यभएको छ । उक्त ह्यूम पाइपका खरिद कार्य समेत सम्वन्धित सडकको ठेक्का भित्र पारेर गरेको अवस्थामा कार्यालयलाई ४० देखि ५० प्रतिशतको हाराहारीमा बचत गराउन सकिने अवस्था देखिन्छ । कार्यालयले स्वयं यस कार्यको खरिदबाट कार्यालयलाई रु.७९,२९,६७१।- वढी व्यय भार पार्ने गरी खरिद कार्य गरेको छ ।</td><td></td></tr>
<tr><td>३९.</td><td></td><td>निर्माण कार्यमा म्याद थप :- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउने नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा निर्माण कार्यको अवधि तोकिएवमोजिम थप गर्न सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्दा विचार गर्नुपर्ने विषयहरुको व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष गरेको निमार्ण कार्यको सम्झौता र गत वर्ष सम्झौता भई यो वर्ष भएको भुक्तानी भएका ठेक्काहरुको म्याद थपमा ऐन तथा नियमावलीले गरेको प्रक्रिया पुरा गरी म्याद थप गरेको छैन । म्याद थप गरेकोमा कार्यापालिकाको एकमुष्ठ निर्णयले म्याद थप भएको छ । म्याद थप गर्नुपर्नाको मनासिव कारण उल्लेख गरिएको छैन । म्याद थप सम्बन्धमा कुनै कारण नखुलाई म्याद थप भएका ठेक्काको केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><td>ठेक्का नं.</td><td>कार्य</td><td>निर्माण व्यवसायी</td><td>कवोल अंक</td></tr>
<tr><td></td><td>पुरानोवाल विछानी हुँदै खुटिया सडक जोड्ने सडक कालोपत्रे</td><td>वि.वि.एस. कन्स्ट्रक्सन</td><td>९४११४०९.००</td></tr>
<tr><td>०२/०७४/७५</td><td>वडा नं. ४ ज्योति स्कूल एन.डीपथ वडा नं. ८ सद्भाव मार्ग</td><td>के एस/टेडी जे.भी.</td><td>१४२४१०७१.००</td></tr>
<tr><td>०३/०७५/७५</td><td>विभिन्न बाटो कालोपत्र</td><td>के.एस./टेडी जे.भी.</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td>ठेक्का नं. २।०७४।७५ को म्याद थप गर्दा शुरु कार्य अवधि ४ महिना रहेको छ । निर्माण व्यवसायीले मिति २०७५।९।३० सम्म म्याद माग गरेकोमा नगरसभा/कार्यपालिकाको निणयबाट ५ महिना थपभएको छ । नगरसभाबाट थप भई सकेको अवस्थामा सो समयमा कार्यसम्पन्न नभएको कारण पुन: ७ महिना प्रमुख प्रशासकिय अधिकृतबाट म्याद थप भएको छ । आफूभन्दा माथिल्लो निकायबाट म्याद थप भएकोमा पुन नगर सभाबाट नै थप हुनुपर्नेमा क्षेत्राधिकारको विचार नगरी पटक पटक म्याद थप भएको छ । शुरु ठेक्का अवधि ४ महिना भएकोमा १२ महिना थप गर्दा समेत निर्माण कार्य पुरा भएको छैन । म्याद थपका कुनै मनासिव कारण समेत उल्लेख नगरी म्याद थप भै राखेको छ ।</td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td>ठेक्काहरुको भक्तानीमा नियमानुसार पेश्की कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो विषयलाई समेत ध्यान दिएको छैन । निर्माण कार्यको ३० प्रतिशत भन्दा बढी भक्तानी लिएको अवस्थामा समेत पेश्की कट्टा गरेको नदेखिएकोले पेश्की कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>६८३।०७<br>६।०३।१०</td><td>दाखिला प्रतिवेदन नभएको :- कार्यालयले अशोक एल.टि. इन्जिनियरिङ्ग प्रा.लि. बाट टिप्परको मर्मत गर्नको लागि रु.४,०२,६९४।- बराबरको विभिन्न सामानहरु खरिद गरी मर्मत कार्य गरेकोमा उक्त सामानहरुको दाखिला प्रतिवेदन नभएकोले उक्त सामानहरु दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।</td><td>४०२६९४.००</td></tr>
<tr><td></td><td></td><td>समपूरक अनुदान :</td><td></td></tr>
</table>

४१. **पेश्की रकम उपलब्ध गराएको :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात सम्झौता रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने, पेश्की दिदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था गरेको छ । पेश्की रकम सम्झौता भएका कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने, पेश्की रकम कुन प्रयोजनमा खर्च भएको छ सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई उपलब्ध गराउनुपर्ने र पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा निजको अग्रिम बैंक जमानत जफत हुने व्यवस्था ऐनले गरेको छ । कार्यालयले यो वर्ष समपुरक अनुदानबाट उपलब्ध गराएको देहायबमोजिमको कार्यहरुमा उपर्युक्त सार्वजनिक खरिद ऐन बमोजिम पेश्की उपलब्ध नगराई कार्य प्रारम्भ नहुँदै पुरै पेश्की रकम उपलब्ध गराएको छ । छुट्टै बैंक खाता खोली रकम जम्मा नभएको, पेश्की अन्यत्र प्रयोग भए नभएको अनुगमन भएको अवस्था छैन । सम्झौता भए पश्चात लेखापरीक्षणको अवधिसम्म समेत सवदाह गृहको निर्माण कार्य प्रारम्भ भएको छैन । कार्यालयले उपलब्ध गराएको पेश्की रकम रु.१,१४,४२,५००।- नियमानुसार पेश्की उपलव्ध नगराएको देखिएकोले नियमको परिधिभित्र रहि पेश्की उपलब्ध गराउनु पर्दछ । ११४४२५००.००

| ठेक्का नं. | सम्झौता मिति | कार्य | कबोल अंक( मु.अ.कर बाहेक) | पेश्की रकम (२० प्रतिशत ) | १० प्रतिशतले हुने रकम रु. |
|---|---|---|---|---|---|
| ६०/०७५/७६ | २०७६/०३/१२ | जाखोर ताल Embakment and other structure | ३७९३९३८६.०० | ७९०००००.०० | ३९५००००.०० |
| ६२/०७५/७६ | २०७६/०३/२० | Compoundwall(Behadababa Tample area) | ३४९८३६७२.०० | ६९९६०००.०० | ३४९८०००.०० |
| ५२/०७५/७६ | २०७६/०३/१९ | शवदाह गृह | २१०७२२७४.०० | ४२१४०००.०० | २१०७०००.०० |
| ५१/०७५/७६ | २०७६/०३/१९ | बाल उद्यान निर्माण | १८८७८३२९.०० | ३७७५०००.०० | १८८७५००.०० |
| | | जम्मा | | | ११४४२५००.०० |

४१.१ ठेक्का नं. ६०।०७५।७६ को जाखोर तालमा Embakment and other various structure को कार्यमा निर्माण व्यवसायीले आर्थिक वर्षको अन्तमा प्रथम रनिङ्ग विलबाट माटो भर्ने कार्य गरी रु.३५,३७,३१८।- भुक्तानी लिएको छ । पेश्की रकम रु.७९,००,०००।- भुक्तानी भएकोमा लेखापरीक्षण अवधी २०७६ माघ मसान्त सम्म अन्य कुनै कार्य भएको छैन । त्यसै गरी सवदाह गृह निर्माणको लागि रु.४२,१४,०००।- पेश्की उपलब्ध गराएकोमा लेखापरीक्षण अवधी २०७६ माघ मसान्तसम्म कुनै कार्य भएको छैन । निर्माण कार्य प्रारम्भ गरी समयमा कार्यसम्पन्न गर्नेतर्फ कार्यालयले पहल गर्नुपर्ने दखिएको छ ।

| | | | |
|---|---|---|---|
| | |  <br>**जाखोर ताल (JAKHOR LAKE)** | |
| ४१.२ | | **उप-महानगरपालकिाको भवन :-** तत्कालीन जिल्ला प्राविधिक कार्यालयबाट मिति २०७३ आषाढ २७ गते ठेक्का व्यवस्थापन भएको उपमहानगरपालिकाको भवन निर्माण कार्यको वित्तीय प्रगतिको आधारमा ४२ प्रतिशत कार्य भएको छ । सम्झौता पश्चात रु.९५,००,०००।- पेश्की भुक्तानी भएकोमा ४२ प्रतिशत भुक्तानी भएको अवस्थामा कार्यालयले पेश्की कट्टा गरेको छैन । यस आ.व. मा पेश्की जिम्मेवारी पनि सारेको छैन । सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले नियमानुसार वीमा गर्नुपर्नेमा वीमा गरेको कागजात प्राप्त भएको छैन । त्यसैगरी निर्माण सामाग्रीको ल्याब परिक्षणको प्रतिवेदन प्रत्येक रनिङ्ग विलमा समावेश गर्नुपर्नेमा ल्याव परीक्षण प्रतिवेदन राख्ने गरेको छैन । साथै निर्माण कार्यको सम्झौता प्रति प्राप्त नहुँदा ठेक्काको म्याद सम्वन्धमा एकिन हुन सकिएको छैन । समयमा नै कार्यसम्पन्न गर्न कार्यालयको ध्यान जान पर्नेमा आर्थिक वर्ष २०७६।७७ को बजेटमा यस भवनको लागि बजेट विनियोजन भएको दखिएन । बजेटको व्यवस्था गरी समयमा नै निर्माण कार्य सक्नुपर्दछ ।<br> <br>उप-महानगरपालिका निर्मानाधिन भवन (Underconstuction Sub-metropolitan building) | |
| ४२. | ९४५/० ७६/३/३ | **पेश्की नजनाएको :-** कार्यालयले आर्थिक वर्षको अन्तमा मिति २०७६।०३।२६ मा तरकारी बजार निर्माण कार्यको लागि किरण कन्स्ट्रक्सनसँग सम्झौता गरी रु.९,६६,०००।- पेश्की जनाई दिनु पर्नेमा भुक्तानी नै | |

| | | | |
|---|---|---|---|
| | १ | गरेको छ । आर्थिक वर्षको सुरुमा नै ठेक्का सम्झौता गरी साल बसाली ठेक्काहरु आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा कार्यालयले कतिपय ठेक्काहरु अर्को आर्थिक वर्षमा दायित्व सर्ने गरी ठेक्का व्यवस्थापन गरेको छ । मिति २०७७ जेष्ठ मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी रु.५४,६१,६७४।- मा ठेक्का सम्झौता भएको उक्त ठेक्का सम्झौता पश्चात दिएको पेश्की रु.९,६६,०००।- पेश्की जनाइ नियमानुसार फछ्र्यौट गर्नपर्दछ । | ९६६०००.०० |
| ४३. | | **ग्रावेल खर्च :-** कार्यलायले १८३५४ घ.मि. ग्रावेल नदिजन्य पदार्थ (ढुङ्गा गिटी वालुवा)को ठेक्कापट्टा लिने ठेकेदारसँग खरिद गरी रु.१५,५५,५००।- भुक्तानी गरेको छ । सो खरिद गरीएको ग्रावेल कहाँ-कहाँ प्रयोग भएको छ सो को नापी किताब तयार गरी प्रयोगको विवरण पेश गर्नपर्दछ । | १५५५५००.०० |
| | | **शिक्षा तर्फ** | |
| ४४. | | **दिवा खाजा :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को क्रियाकलाप नं. २.१५.११.७७७ तोकिएका विद्यालयका कक्ष १ देखि ५ सम्मका बालबालिकाहरुका लागि विद्यालय गत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु १५।- का दरले १८० दिनको दिवा खाजाको रकम सम्वन्धित विद्यालयमा निकासा दिने व्यवस्था अनुसार २३ वटा विद्यालयमा २११८ विद्यार्थी संख्याको आधारमा (२११८*१५*१८०) रु. ५७,१८,६००।- निकासा दिनुपर्नेमा रु.५७,२८,६००।- निकासा दिएको देखिएकोले बढी निकासा भएको रु १००००।— असुल गरी दाखिला गर्नुपर्दछ । | १००००.०० |
| ४५. | ४०८।२०<br>७६।३।२८ | **अनुगमन प्रतिवेदन :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को क्रियाकलाप नं. २.१५.११.७८० प्राविधिक धार संचालन गर्न विद्यालयका लागि ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान प्राविधिक विषय अध्ययन हुने विद्यालयलाई ल्याव सामाग्री सहयोग अनुदान अन्तर्गत धनगढी माध्यमिक विद्यालयलाई रु. १८,००,०००।- अनुदान निकासा दिएको छ । उक्त विद्यालयले उक्त रकम सोही क्रियाकलापमा खर्च गर्यो गरेन सो को अनुगमन प्रतिवेदन पेश नभएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । | १८०००००.०० |
| | | **जेष्ठनागरीक दीर्घ सेवा सम्मान कार्यकम** | |
| ४६ | | **मृत्यू भै सकेको व्यक्तिको नाममा भत्ता :-** सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ मा कुनैपनि व्यक्तिलाई सामाजिक सूरक्षा भत्ता वितरण गर्दा दोहोरो नहुने गरी र मृत्यू भएका व्यक्तिहरुको लगत कट्टा गरी राख्नुपर्ने व्यवस्था रहेको छ । तर उपमहानगरपालिकाले इन्द्र बहादुर सिंह सहित ६ जनाको नाममा मृत्यू भैसकेपछि पनि रु.४६०००.०० भत्ता निकासा गरेकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्दछ । | ४६०००.०० |
| | | **स्थानिय पुर्वाधार विकास तथा साझेदारी कार्यकम** | |
| ४७. | ४५।०७<br>६।३।३० | **बढि भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सर्वोदय मा.वि भवन निमार्ण कार्यको लागत अनुमान रु २२,८१,१४५।४४ रहेको कामको उपमहानगर पालिकाले रु १९,३३,५५८।८७ व्यहोर्ने सम्झौता गरेकोमा रु २०,००,०००।- गरेको देखिएकोले रु ६६,४४१।१३ बढि भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ । | ६६४४१.१३ |
| ४८. | | **बीमा नगराएको :-** सावजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा कार्यालयले कुनै निमार्ण व्यबसायीबाट १० लाख भन्दा बढिको निमार्ण कार्य गराउँदा सम्झौतामा व्यबसायीले प्रयोग हुने मेशिन,औजार, उपकरण, कामदार आदीको बीमा गर्नुपर्ने गरी सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । | |

<table>
<tr><td></td><td></td><td>कार्यालयले राना थारु सांस्कृति भवन निर्माण लागत अनुमान १०,५८,९३,६१६।- सम्झौता रकम रु. ७,५३,६८,१९०।- को कार्यको सम्झौतामा बीमाको व्यबस्था उल्लेख गरेको छैन । व्यबसायीले पनि बिमा गराएको छैन । कानूनको पालना गरी बिमाको व्यबस्था लागु गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td></td><td>पर्यटन पूर्वाधार :- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।०७५ च.नं. १०६४ मिति २०७५।०३।३१ को पत्रानुसार सशर्त अनुदान रकम मध्ये खर्च नभई बाँकी रहेमा सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पर्यटन पूर्वाधार कार्यक्रममा निकासा रु.७,५०,०००।- मा खर्च रु.५,००,०००।- भइ रु.२,५०,०००।- बाँकी रहेकोमा संघीय संचित कोषमा फिर्ता गरेको नदेखिएकोले उक्त रकमसंघीय संचित कोषमा फिर्ता गर्नुपर्ने देखिन्छ ।</td><td>२५००००.००</td></tr>
<tr><td>५०.</td><td>२९/०७६/<br>०३/२२<br><br>३०/०७६/<br>०३/२३</td><td>बीमा नगराएको :- सावजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा कार्यालयले कुनै निमार्ण व्यबसायीबाट १० लाख भन्दा बढिको निमार्ण कार्य गराउँदा सम्झौतामा व्यबसायीले प्रयोग हुने मेशिन,औजार, उपकरण, कामदार आदीको बीमा गर्नुपर्ने गरी सम्झौतामा उल्लेख गर्नुपर्ने व्यबस्था छ । कार्यालयले देहायका निर्माण कार्य गरेकोमा वीमा गराएको छैन नियमको पालना गरी वीमा गर्नुपर्दछ ।
<table>
<tr><td>योजनाको नाम</td><td>व्यवसायीको नाम</td><td>लागत अनुमान रकम</td><td>सम्झौता रकम</td></tr>
<tr><td>विशालनगर जनता मार्ग सडक मर्मत</td><td>पवन कन्स्ट्रकसन धनगडी</td><td>४५२८४७७.००</td><td>४४३६७८१.००</td></tr>
<tr><td>वडा नं. ७ देवरीया पटेला कालोपत्रे मर्मत</td><td>अंकिता निर्माण ट्रेड एण्ड सप्लायर्स</td><td></td><td>११७७६२५.००</td></tr>
<tr><td>वडा नं. ८ धनगडी गाउँ सडक मर्मत</td><td>मोहन कन्स्ट्रकसन एण्ड कन्सर्न</td><td></td><td>२००१८९६.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.</td><td></td><td>सशर्त पूजीँगत तर्फ :- वजेट रु.२,३२,५१,०००।- निकासा र खर्च रु.२६,२२,८२२।- भई बाँकी रु. २,०६,२८,१७८।- मिति २०७६।०४।१३ मा संघीय संचित कोष फिर्ता गरेको छ । सशर्त अन्तर्गतको तोकीएको कार्यक्रममा खर्च नगरी फिर्ता गरेको देखिएकोले खर्च नगरेबाट लाभग्राही लाभान्वीत हुने अवसरबाट वञ्चीत हुने देखिन्छ । अतः तोकीएको कार्यक्रम गरी प्रगती हासिल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>१०/०७<br>६/०३/३<br>१</td><td>परामर्श खर्च :- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १३८ वमोजिम परामर्शदाता कार्यालयलाई आवश्यक भएमा परामर्शदातासँग सेवा लिन सक्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य संस्था नभएका ११ वडाहरुमा स्वास्थ्य भवन निमार्णका लागि कञ्चन कन्सल्टेन्ट एण्ड कन्स्ट्रकसन प्रा.ली. धनगढी २ लाई Arcitecture drawing, structure design, electrical drawing, water supply and sanitary drawing & cost estimate तयार गर्ने (DPR) तयार गर्न २०७६।०३।२५ गते सम्झौता गरी विल नं. ३ मिति २०७६।०३।२५ मा मु.अ.कर सहित रु. ४,९८,८९५। भुक्तानी गरेकोमा परामर्शदाताको प्रतिवेदन वेगर भुक्तानी गरेको देखिन्छ । सशर्तको पूँजीगत कार्यक्रममा परामर्शको कुनै कार्यक्रम नभएको बजेट व्यवस्था समेत नभएकोमा यस्तो खर्च गरेको देखिएकोले उक्त खर्च नियम संगत देखिँदैन ।</td><td>४९८८९५.००</td></tr>
<tr><td>५३.</td><td></td><td>कर्मचारी कल्याण कोष :- गत बर्षको जिम्मेवारी रकम रु १,२०,०६,९०६।- यस बर्षको आय रु. १,५७,०५,३८३।- जम्मा रु २,७७,१२,२८९।- खर्च रु.६९,३०,७९८।- भई रु.२,०७,८१,४९१।- बाँकी देखिन्छ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>८/०७६</td><td>उपदान बढि भुक्तानी : सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा आर्थिक कार्यविधि ऐन २०६४को नियम ३६(२) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यबस्था छ । कार्यालयले</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | /३/३१ | मिति २०४१।६।१३ सेवा शुरु गरी २०७६।२।१२ मा अबकास हुनु भएका खरीदार श्री बलदेब प्रसाद पन्तको ३४ बर्ष ५ महिना १३ दिनको सेवा अबधिको उपदान हिसाब गरी भुक्तानी दिनु पर्नेमा ३६ बर्ष १ महिनाको हिसाब गरी रकम भुक्तानी गरेको देखिएकोले देहाय अनुसार रु.२२,७५,८३३।- पाउनेमा रु.२४,०१,०११।- भुक्तानी गरेकोले रु.१,२५,१७८।- बढि भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ । | १२५१७८.०० |
| | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** | |
| ५५. | ३८/०७६/०३/२५ | **कार्यसम्पन्न प्रतिवेदन :-** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ सि.नं. १० मा रोजगार आयोजना पूर्व सम्वन्धित स्थानीय तहवाट प्राविधिक कर्मचारी खटाई आयोजनाको प्राविधिक डिजाइन, स्टीमेट तथा प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनका आधारमा अनुसूची १ वमोजिम लागत फाराम भरी पठाउने व्यवस्था छ । कार्यविधि वमोजिम कार्य योजना तयार गरेको छैन । आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानिय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नुपर्नेमा अनुगमन मूल्यांकन वेगर वडा नं. १४ (कार्यक्रम नभएको) वाहेकका सबै वडाहरुमा गरी रु.६०,८७,४८६।- को काम गरेको प्राविधिक मूल्यांकन वेगर भुक्तानी गरेको छ । नियमको पालना गरी कामको प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने देखिन्छ । | |
| ५६. | १३/०७६/०२/१६ | **बढी भुक्तानी :-** सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा आर्थिक कार्यविधि ऐन २०६४को नियम ३६(२) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले मिति २०७६।०२।..... मा वसेको वैठकमा मुरारी अधिकारी २ वैठकमा उपस्थीत भइ ३ वैठक भत्ता वुझेको र निर्मल कुमार देउवाले १ वैठकमा उपस्थीत भई २ वैठक भत्ता वुझेकोले १/१ वैठक भत्ता वढी भुक्तानी देखिएको रु १,५००।- का दरले रु.३,०००।- असुल गरी दाखिला गर्नपर्दछ । | ३०००.०० |
| | | **वातावरण कोष :** | |
| ५७. | ४०/२०७६/३/१२ | **सक्कल विजक वेगर भुक्तानी :-** सुदुर पश्चिम आर्थिक कार्यविधि ऐन २०७४ तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले शाखा अधिकृत श्री सुरेन्द्र कार्की मिति २०७६।३।१४ देखि २०७६।३।१७ सम्म धनगढी ,काठमाण्डौ, पोखरा भ्रमण गरेको भनि रु १६१००।- भुक्तानी गरेकोमा हवाई जहाज भाडा वापत रु ९८००।- को टिकट र बोडिड. पास बेगर भुक्तानी गरेकोले टिकट र बोर्डिङ पास पेश गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्दछ । | ९८००.०० |
| ५८. | १८९/०७६/२/२६ | **बढि भुक्तानी :-** सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ तथा आर्थिक कार्यविधि २०६४को नियम ३६(२) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले धनगढी उप महानगरपालिका ४ खानेपानी टोलमा सडक मर्मत कार्यको लागत अनुमान रु.४,९९,१७८।- भएको मर्मत कार्यको घटि कबोल गर्ने ब्यबसायि बिनोद निमार्ण सेवा संग रु.४,९७,०५४।- सम्झौता गरेकोमा ठेक्का बिल तथा कार्य सम्पन्न बिलमा काम मुल्य अभिबृद्धि सहित रु.४,१३,७५०।- को मात्र कार्य गरेको देखियो । काम घटि भए पछि भुक्तानी पनि घटि दिनुपर्नेमा पुरै भूक्तानी भएबाट बढि भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्दछ । | ८३३०३.०० |
| | | **आन्तरिक आयः** | |
| ५९. | | **एकिकृत सम्पत्ति कर :-** एकिकृत सम्पत्तिकर असुल गर्ने अधिकार नगरपालिकामा सरे देखिको घरजग्गा करको सालवसाली वक्यौताको लगत तयार गरी सो अनुसार असुल गनुपर्नेमा सो अनुरुप गरेको पाईएन । करको दायराभित्र परेका करदाताले आफै आएर बुझाएको विवरणको आधारमा एकिकृत सम्पत्ति कर | |

| | | | |
|---|---|---|---|
| | | निर्धारण गरी असुल गर्ने गरेको पाईयो ।<br><br>करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालयहरु र नक्साशाखावाट प्रदान गरिने निर्माण कार्य सम्पन्न प्रमाणपत्रलाई आधार वनाई अनुगमन गरी करको दायराभित्र ल्याउन पहल गर्नुपर्ने देखिन्छ । | |
| ६०. | | **नदीजन्य पदार्थ (ढुङ्गागिटी वालुवा) को ठेक्का व्यवस्थापन :-** नगरपालिकाले यो वर्ष नदीजन्य पदार्थ ( ढुंगा, गिट्टी,वालुवा,भरान माटो) संकलन गर्नको लागि श्री दाहाल मल्टी ट्रेड प्रा. ली., धनगडी ७ कैलाली संग मू.अ.कर वाहेक रु.२,५५,००,०००।- मा ठेक्का व्यवस्थापन हुनेगरी मिति २०७५।०५।२१ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार श्री दाहाल मल्टी ट्रेड प्रा. ली.ले प्रथम किस्ता रु.८५,००,०००।- तत्कालै वुझाउनेगरी सम्झौताको अवधिमा वुझाएको छ । दोश्रो किस्ता वापतको रकम मिति २०७५ मंसिर मसान्त भित्र रु.८५,००,०००।- र वाकी रहेको रु.८५,००,०००।- फाल्गुण मसान्त वुझाउने गरी सम्झौतामा उल्लेख भएकोमा सो निर्माण सेवाले दोश्रो किस्ताको रकम रु.८५,००,०००।- मध्ये रु. ३२,७५,०००।- मात्र विभिन्न मितिमा (मिति २०७५।१२।१४ मा रु.८,००,०००।- मिति २०७५।१२।२८ मा रु. ४,००,०००।- मिति २०७६।०२।२३ मा रु.१५,००,०००।- र मिति २०७६।०३।२५ मा रु.५,७५,०००।- दाखिला गरेको छ भने वाकी रु.१,३७,२५,०००।- मिति २०७६।०७।०४ गते वैङ्क ग्यारेन्टी जफत गरी रकम असूल गरेको छ । | |
| ६१. | | **सवारी साधनको पार्किङको ठेक्का व्यवस्थापन :-** नगरपालिकाले यो वर्ष सवारी साधनको पार्किङ शुल्क उठाउने कार्य गर्नको लागि श्री रेखा निर्माण सेवा लम्की चुहा २ संग मू.अ.कर वाहेक रु.७५,५१,१५१।- मा ठेक्का व्यवस्थापन हुनेगरी मिति २०७५।०६।२४ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार रेखा निर्माण सेवाले प्रथम किस्ता रु.२५,१७,५००।- तत्कालै वुझाउनेगरी सम्झौताको अवधिमा वुझाएको छ । दोश्रो किस्ता वापतको रकम मिति २०७५ माघ मसान्त भित्र रु.२५,१७,०५०।- र वाकी रहेको रु. २५,१७,०५०।- जेठ मसान्त वुझाउने गरी सम्झौतामा उल्लेख भएकोमा सो निर्माण सेवाले उक्त रकम रु.५०,३४,१००।- आ. व. २०७५।०७६ मा नबुझाई मिति २०७६।०७।०४ मा वैङ्क ग्यारेन्टी रकमवाट मिलान गरेकोमा सम्झौतामा उल्लेखित समयसिमा भित्र रकम भुक्तानी भएको नदेखिएकोले समयभित्र नै रकम भुक्तानी गर्नपर्दछ । | |
| ६२. | | **विज्ञापनकर संकलन ठेक्का व्यवस्थापन :-** नगरपालिकाले आ. व. २०७४।०७५ र २०७५।०७६ बर्ष २ का लागी विज्ञापनकर संकलन उठाउने सम्वन्धमा शेष मुनिर अहमदवाट प्राप्त शिलवन्दी दरभाउ पत्रका आधारमा शेष मुनिर अहमदसंग मू.अ.कर वाहेक रु. १७,००,७८६।०१ मा ठेक्का व्यवस्थापन हुनेगरी सम्झौता (मिति उल्लेख नगरेको) भएको देखिन्छ । विज्ञापनकर संकलन उठाउने सम्वन्धमा नै शेष मुनिर अहमदले हकदावी नरहने गरी श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ मा संचालक श्री सुर्य बहादुर गुरुङ्गलाई अख्तियारी प्रदान गरी मिति २०७४।०९।०७ मा श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ संग पनि सम्झौता गरेको देखियो । शेष मुनिर अहमदसंग भएको सम्झौतामा उक्त ठेक्का व्यवस्थापन सम्झौता अन्य व्यक्ति संस्थालाई हस्तान्तरण गर्न पाउनेवारे उल्लेख नगरेको र श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ ले शिलवन्दी दरभाउ पत्र पेशपनि नगरेकोले श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ संग गरेको सम्झौताको आधार देखिदैन । | |
| ६३. | | **बहाल बिरौटी करको ठेक्का व्यवस्थापन :-** नगरपालिकाले यो वर्ष धनगढी उपमहानगरपालिका बजार क्षेत्रका रोड बाहेक अन्य शाखा रोडहरु छेउछाउ र तोकिएका स्थानमा बसी अस्थाई रुपमा खोका, ठेला, घुम्ती लगायत खुद्रा व्यापारिक परिमाणमा मालसामान बेचविखन गर्ने, व्यापारीहरुवाट रहेका बहाल बिटौरी कर उठाउने कार्य गर्नको लागि ताराकामी, धनगढी २ संग रु.७,७६,०००।- (मू.अ.कर उल्लेख नगरेको) मा सम्झौता नगरी ठेक्का व्यवस्थापन कार्य प्रदान गरेको देखिन्छ । ताराकामीले मिति | |

| | | | |
|---|---|---|---|
| | | २०७५।०४।०३ मा रु.२,१७,६६७- मिति २०७५।०८।०३ मा रु. २,४०,०००।- र मिति २०७६।०४।०८ मा रु.३,१८,३३३।- गरी जम्मा रु.७,७६,०००।- बुझाईकोमा रकम बुझाउने समयसिमा उल्लेख नगरेकोले समयसिमा भित्रै बुझाइ नबुझाईको एकिन हुन सकेन । | |
| ६४. | | **मूल्य अभिवृद्धि कर जम्मा नगरेको :-** सम्झौता अनुसार रोयल्टी उठाउने ठेक्का पाएको श्री दाहाल मल्टी ट्रेड प्रा. ली., धनगडी ७ कैलालीले प्रथम किस्ता रोयल्टी रकम वुझाईसकेपछी मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा वुझाई सो को प्रमाण नगरपालिकामा दिनुपर्ने र सम्झौतामा ठेक्का वापत दोश्रो पक्षले पहिलो पक्षलाई सम्झौता वमोजिम किस्ता भुक्तानी गर्दाको वखत किस्तामा उल्लेख भए वरावरको रकमको मू.अ.कर रकम वुझाएको प्रमाण पेश गर्नुपर्दछ । नगरपालिकाले लगाएको उपरोक्त ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम ठेक्का अंकमा १३% का दरले मू.अ.कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले ठेक्का अंक रु.२,५५,००,०००।- को १३% ले हुन आउने रु.३३,१५,०००।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | ३३१५०००.०० |
| ६४.१ | | सम्झौता अनुसार सवारी साधनको पार्किङ शुल्क उठाउने ठेक्का पाएको श्री रेखा निर्माण सेवा लम्की चुहा २ कैलालीले प्रथम किस्ता रोयल्टी रकम वुझाईसकेपछी मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण नगरपालिकामा दिनुपर्ने र सम्झौतामा ठेक्का वापत दोश्रो पक्षले पहिलो पक्षलाई सम्झौता वमोजिम किस्ता भुक्तानी गर्दाको वखत किस्तामा उल्लेख भए वरावरको रकमको मू.अ.कर रकम वुझाएको प्रमाण पेश गर्नुपर्दछ । नगरपालिकाले लगाएको उपरोक्त ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम ठेक्का अंकमा १३% का दरले मू.अ.कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले ठेक्का अंक रु.७५,५१,१५१।- को १३% ले हुन आउने रु.९,८१,६५०।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | ९८१६५०.०० |
| ६४.२ | | सम्झौता अनुसार विज्ञापनकर संकलन उठाउने ठेक्का पाएको श्री शेष मुनिर अहमद /श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ले प्रथम किस्ता रोयल्टी रकम वुझाईसकेपछी मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा वुझाई सो को प्रमाण नगरपालिकामा दिनुपर्ने र सम्झौतामा ठेक्का वापत दोश्रो पक्षले पहिलो पक्षलाई सम्झौता वमोजिम किस्ता भुक्तानी गर्दाको वखत किस्तामा उल्लेख भए वरावरको रकमको मू.अ.कर रकम वुझाएको प्रमाण पेश गर्नुपर्दछ । नगरपालिकाले लगाएको उपरोक्त ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम ठेक्का अंकमा १३% का दरले मू.अ.कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले ठेक्का अंक रु.१७,००,७८६.०१।- को १३% ले हुन आउने रु.२,२१,१०२.१८।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | २२११०२.१८ |
| ६४.३ | | सम्झौता अनुसार नगरपालिकाले यो वर्ष धनगढी उपमहानगरपालिका बजार क्षेत्रका रोड बाहेक अन्य शाखा रोडहरु छेउछाउ र तोकिएका स्थानमा बसी अस्थाई रुपमा खोका, ठेला, घुम्ती अथवा भुईमा फड व्यापारिक परिमाणमा मालसामान बेचविखन गर्ने, व्यापारीहरुवाट रहेका बहाल बिटौरी कर उठाउने कार्य गर्नको लागि ताराकामी, धनगढी २ ले मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा वुझाई सो को प्रमाण नगरपालिकामा दिनुपर्ने र सम्झौतामा ठेक्का वापत दोश्रो पक्षले पहिलो पक्षलाई सम्झौता वमोजिम किस्ता भुक्तानी गर्दाको वखत किस्तामा उल्लेख भए वरावरको रकमको मू.अ.कर रकम वुझाएको प्रमाण पेश गर्नुपर्दछ । नगरपालिकाले लगाएको उपरोक्त ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम ठेक्का अंकमा १३% का दरले मू.अ.कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले ठेक्का अंक रु.७,७६,०००।- को १३% ले हुन आउने रु.१,००,८८०।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | १००८८०.०० |
| ६४.४ | | यस वर्ष नगरपालिकाले रोयल्टी उठाउनका लागी श्री दाहाल मल्टी ट्रेड प्रा. ली., धनगडी ७ कैलालीसंग | |

मिति २०७५।०५।२१ मा सम्झौता गरेको छ । सम्झौता अनुसार मोहना, खुटीया, शिवगंगा र घुरही नदीहरुवाट क्रमश: ४०६५२, ६४३१५.८०, ३२४००, र ३१६०० (ढुंगा, गिट्टी,वालुवा,भरान माटो) घन मी. मात्र संकलन गर्ने गरी सम्झौता भएकोमा कुन कुन नदीहरुवाट के कति परिमाणमा नदीजन्य पदार्थ संकलन गरियो सो को अभिलेख नगरपालिकाले राखेको छैन । नदीजन्य पदार्थ संकलन गरी रोयल्टी उठाउदा IEE ले निर्दिष्ट गरे अनुसारको काम भयो भएन, दररेट फरक पारी रोयल्टी उठाएको नउठाएको र तोकिए भन्दा वढी नदीजन्य पदार्थ संकलन गरे नगरेकोमा नगरपालिकाद्वारा कुनै अनुगमन गरि रिपोर्ट लिएको पाइएन ।

६४.५ यस वर्ष नगरपालिकाले विज्ञापनकर संकलन उठाउने ठेक्का पाएको श्री शेष मुनिर अहमद /श्री नेपाल मिडिया टेक्नोलोजी ललितपुर २ संग मिति २०७४।०९।०२ मा सम्झौता गरेको छ । सम्झौता अनुसार विभिन्न व्यानर र होर्डिङ्ग बोर्डको विभिन्न दर रेट सम्झौतामा उल्लेख भएकोमा दररेट फरक पारी कर उठाएको नउठाएकोमा नगरपालिकाद्वारा कुनै अनुगमन गरि रिपोर्ट दिएको पाइएन ।

६५. **आम्दानी ढिला दाखिला गरिएको सम्वन्धमा :-** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३(४) मा कार्यालयमा प्राप्त सरकारी रकम सोही दिन वा भोली पल्ट बैकं दाखिला गर्नुपर्दछ । सोहि दिन वा भोली पल्ट दाखिला नगरेमा कार्यालय प्रमुखले १० दिन सम्म ढिलो गरेमो १० प्रतिशत, १५ दिन ढिलो भए १५प्रतिशत र सो भन्दा बढि ढिलो गरेमा २५ प्रतिशत जरीवाना लगाई असुल उपर गरीने ब्यबस्था छ । कार्यालयले देहाय अनुसार ढिला दाखिला गरेको देखिएकोले नियमानुसार गर्नुपर्दछ ।

| वडा नं. | जम्मा उठेको रकम रु. | बैंक दाखिला रकम रु. | दाखिला गर्न वाकी रकम रु. | दाखिला मिति |
|---|---|---|---|---|
| ३ | ५३,१३,३००.०० | ५३,१२,७९०.०० | ५१०.०० | २०७६।०९।१६ |
| ६ | १६,८४,४९४.०० | १६,५०,१८४.०० | ३४,३१०.०० | २०७६।०४।०३ |
| ९ | २,९६,९९४.५० | २,९५,६२९.०० | १,३६५.५० | २०७६।०९।१६ |
| १३ | २९,९६,४३१.०० | २९,५७,३५७.५० | ३९,०७३.५० | २०७६।०९।१६ |
| १६ | ६,४०,३४३.३४ | ६,३५,३६१.६० | ४,९८१.७४ | २०७६।०५।०८ |
| १८ | ५,३६,५७७.२० | ५,३५,६३४.२० | ९४३.०० | २०७६।०९।१६ |
| उ.न.पा. कार्यालय | १०,३६,४७,६७७.५६ | १०,३६,४७,४५७.५६ | २२०.०० | २०७६।०९।१६ |
| | | | ८१,४०३।७४ | |

६६. **प्रदेश संचित कोषमा दाखिला नगरेको :-** प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को दफा ५ र ६ मा विज्ञापन कर, मनोरन्जन कर तथा दहत्तर वहत्तर शुल्क तथा कर स्थानीय तहले संकलन/असूलउपर गर्न सक्ने व्यवस्था गरेको छ । सो ऐनको उक्त दफा वमोजिम संकलित कर रकमको साठी प्रतिशत हुन आउने रकम सम्बन्धित नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष विज्ञापन कर रु. २६,०२,५७६।- मनोरन्जन कर रु.३,९२,००५।- र दहत्तर वहत्तरतर्फ रु.१,१७,७५,०००।- गरी जम्मा रु. १,४७,६९,५८१।- संकलन गरेकोमा सो को ४० प्रतिशतले हुने रकम रु. ५९,०७,८३२.४०।- प्रदेश संचित कोषमा पठाउनुपर्नेमा नपठाएकोले उक्त ऐन वमोजिम उक्त रकम प्रदेश संचित कोषमा पठाउनुपर्दछ । ५९०७८३२.४०

संघिय सरकारको मिति २०७५।११।१९ गतेको "नेपाल कानुन संसोधन गर्न वनेको विधेयक "को दफा ६२( क)(३) को आधारमा प्रदेश संचित कोषमा नपठाई स्थानीय संचित कोषमा जम्मा गरेको भन्ने

| | | | |
|---|---|---|---|
| | | कार्यालयको भनाई रहेको छ । | |
| ६७. | | **न्युन दरमा राजश्व असुल गरेको सम्वन्धमा :-** आर्थिक वर्ष २०७५।०७६ को बार्षिक नीति, बजेट तथा कार्यक्रम (रातो किताब समेत) मा घर नक्सा पास दस्तुर आवासिय भवन र व्यापारीक भवनको अलग अलग कायम गरेकोमा घर नक्सा पास गर्दा व्यापारीक भवनकोलाई आवासिय भवनको दरमा घर नक्सा पास दस्तुर असुल गरेकोमा कम असुल गरेको रकम रु.१३४६९.०० असुल गरी दाखिला गर्नपर्दछ । | १३४६९.०० |

| नाम | आम्दानी रसिद नं /मिति | क्षेत्रफल (वर्ग फिट) | असुल गरेको दर रु. प्रति वर्ग फिट | असुल गर्नु पर्ने दर रु. प्रति वर्ग फिट | कम असुल रकम रु. |
|---|---|---|---|---|---|
| शिव शिखर एग्रो प्रा. लि. | ६७२६/ २०७५।१०।२५ | ६६४४ | ५ | ६ | ६,६४४ |
| पर्यावरण संरक्षण एवं वन पैदावार व्यवसाय संघ | ७४३६/ २०७५।१२।२६ | १२०० | ८ | ९ | १,२०० |
| ऐश्वर्या बहुमुखी क्याम्पस | ८१०८ र ८१०९/ २०७६।०२।०१ | १८७५ | ८, ९ र १० | ९, १० र ११ | ५,६२५ |
| **जम्मा** | | | | | **१३,४६९** |

| | | | |
|---|---|---|---|
| | | **आन्तरिक लेखापरीक्षण सम्वन्धमा :-** स्थानयि सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण वाट औल्याइएका कैफियत अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि सो नगरेकोले आन्तरिक लेखापरीक्षण वाट कायम भएका प्रमुख व्यहोरा हरु निम्नानुसार रहेका छन बाँकी व्यहोरा समेत अध्ययन गरी फछ्र्यौट गर्नुपर्दछ । | |
| १. | ११२२/०७६/०२/१३ | नगरपालिकाले योजना जाँचपास समिति योजना सुपरिवेक्षण अनुगमन समितिको वैठकभत्ता वितरण गर्दा समितिको अध्यक्ष भन्दा सदस्य सचिव र अन्य वैठक संख्या र भत्ता रकम बढी वुझेको देखिएकोले भत्ता निकाल्ने प्रक्रिया र वैठक बस्ने तरीकामा त्रुटी देखिएको हुँदा यसलाई सच्याउनुहुन अन्यथा नियमित खर्च मान्न नसकिने साथै चन्द्रकान्त पाण्डेलाई भत्ता वितरण गराउने रकम रु.५७९०००। को वितरण भर्पाइ समावेश गर्नपर्दछ । | ५७९०००.०० |
| २. | १२८५/०७६/३/०४ | वडा सचिव भुनसिंह खत्रीलाई भुक्तान गरिएको रु.६९९२। मध्ये रु.१०००। का सञ्चार विल कम राखी भुक्तानी भएकोले उक्त विल संलग्न राखि नियमित गर्नपर्दछ । | १०००.०० |
| ३. | १३५६/०७६/०३/११ | पतन्जली योग समितिलाई योग दिवसमा कार्यक्रम गरेवापत रु.२००००। भुक्तानी भएको छ । जसमा विल भर्पाइ रु.१९००० को मात्र भएकोले नपुग रकम रु.१०००.०० को विल भर्पाइ पेश गर्नदपर्दछ अन्यथा अनुसल गर्नुपर्दछ । | १०००.०० |
| ४. | १५३६/०७६/०३/२३ | महिला विकास निरिक्षक श्री सीता के.सी. ले सहकारीको अवलोकन भ्रमण गराउँदा पेश गरेको विल भर्पाइमा अग्रीम कर कट्टी कम भएको रु.२०९१। असुल गरी दाखिला गर्नपर्दछ । | २०९१.०० |
| ५. | २४९/०७५/१२/२५ | माघ र फागुन महिनाको गाइ हेरालुहरुलाई पारीश्रमिक भुक्तानी गर्दा डोर हाजिरी फारममा रु.१९२०००। र रु.९८६००। गरी कुल रु.२००६००। हुनुपर्नेमा लेखाले वनाएको तलबी विवरणमा रु.२०४०००। उल्लेख गरी तलब वितरण गरेको हुँदा बढी तलब असुल गरी दाखिला गर्नपर्दछ । | ३४००.०० |
| ६. | ६३८/०७६/०३/०३ | गो.भौ. नं. ४८८ को छुट भनि रु.७९१९०। खर्च गरी भुक्तान भएको छ । त्यस भौचरमा अग्रीम कर रु. १०५२। कट्टा गर्नुपर्नेमा रु.१०५२ जोडी सो समेत भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.२१०४ | २१०४.०० |

| | | | |
|---|---|---|---|
| | | असुल गर्नूपर्दछ । | |
| ७. | ९१९/०७ ६/०३/२३ | रामजानकी मन्दिर सेवा समिति धनगढी १० लाई रु.३९७०८१। भुक्तानी भएको छ । पुनः गो.भौ. नं. ९२५।०७६।०३।२४ गते छुट रकम भनी रु.४९२९१९। भुक्तान भएको छ । उक्त दुवै रकम बराबर रु.८९००००। भुक्तान भएको छ । उक्त भौचरमा अग्रिम कर रु.६४८१। बहाल कर रु.६०० कट्टा गरी भुक्तानी हुनुपर्ने कट्टा नगरी भुक्तानी गरेकोले रु.७०८१.०० असूल गरी दाखिला गर्नपर्दछ । | ७०८१.०० |
| ८. | २४१/०७ ६/०१/१० | गो.भौ. नं. २४१ बाट रु.१८५८८२५।४९ को आम्दानी बाँधिएको छ । जसमा रु.२५००२।०२ को एउटा वैक दाखिला भौचर छ । उक्त भौचरको रु.८३३४। वैंक दाखिला भएको प्रमाण नभएकोले बैंक दाखिला प्रमाण पेश गर्नपर्दछ । | ८३३४.०० |

## उप महानगरपालिकाको सञ्चित कोष विवरण

अनुसूची १

### २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | धनगढी उपमहानगरपालिका | कैलाली | १८७९९३ | २८११२१ | ११४५८४९ | १४६९३५ | १७६१८९७ | १२६१७६ | १५०९४५७ | ३६७५६ | १६७२३८९ | ८९५०८ |

अनुसूची २

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

### २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गनुंपर्ने | नियमित गनुंपर्ने | | | | | पेश्की | | जम्मा |
| | | सै. | ल. | | सै. | ल. | | सै. | ल. | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | |
| १ | धनगढी उपमहानगरपालिका | ४६ | २७ | १६५४१२ | ० | ७ | ११०४५ | ४६ | २० | १५४३६७ | २९१३ | ५०७५३ | १७०५५ | ० | ० | ६७८०८ | ० | ८३६४६ | ८३६४६ |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति

### २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनगढी उपमहानगरपालिका | कैलाली | ४३९३९ | ० | ४३९३९ | ० | १५४३६७ | १९८३०६ |